निर्णयहरुः

१। विश्वव्यापी महामारीको रुपमा फैलिएको नयाँ भेरिएन्ट सहितको कोरोना भाइरस कोभिड-१९ को संक्रमण सिन्धुली जिल्लाका विभिन्न स्थानहरुमा बढ्दै गईरहेको सन्दर्भमा जनस्वास्थ्यमा गम्भीर असर पर्न सक्ने अवस्थालाई मध्यनजर गरी कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि तत्काल थप सतर्कता अपनाई नेपाल सरकारले जारी गरेको स्वास्थ्य सुरक्षाको मापदण्डलाई कडाईका साथ पालना गरी गराइ कोरोना संक्रमण नियन्त्रणका लागि सिन्धुली उद्योग बाणिज्य संघको सिफारिस समेतको आधारमा सिन्धुली जिल्लाको कमलामाई नगरपालिकाको सम्पूर्ण वडाहरु (वडा नं. १ लेखि १४) मा मिति २०७८/०१/२२ गते राती १२:०० बजे देखि २०७८/०१/२९ गते राती १२:०० बजे सम्म लागू हुने गरी निषेधाज्ञा जारी गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निषेधाज्ञा अवधिभर गर्नु हुने र नहुने कार्यहरुः**

| | |
|---|---|
| **चलाउन पाउने सवारी साधनहरुः**<br>• एम्बुलेन्स/शवबाहान/खाद्यसामग्री/औषधी/कुखुराको चल्ला/पशुपन्छिको दाना/ पानी/ दुध/ इन्धन/ फलफूल तथा तरकारी बोकेका सवारी साधनहरु, निर्माण सामग्री ढुवानीका सवारी साधन<br>• अत्यावश्यक कामका लागि सरकारी नम्बर प्लेटको (दुई पाङ्ग्रे र चार पाङ्ग्रे) सवारी साधन, झण्डा बाहक सवारी साधन, कुटनीतिक नियोगका सवारी सधान, प्रेस पास प्राप्त सवारी साधन<br>• नेपाल सरकारका कर्मचारी, बैंक तथा वित्तीय संस्थाका कर्मचारी, सार्वजनिक संस्थानका कर्मचारीहरुको हकमा कार्यालयले जारी गरेको परिचयपत्र लगाएर हिंड्ने कर्मचारी सवार भएका सवारी साधनहरु<br>• बैबाहिक कार्यक्रममा दुलाहा दुलही सवार सवारी समेत बढीमा १५ जना जन्ति मात्र बोकेको सवारी साधन | **चलाउन नपाउने सवारी साधनहरुः**<br>• सार्वजनिक यातायात (जस्तै बस, ट्याक्सी, जिप, ट्याम्पो (अटो रिक्सा) निजी सवारी साधन (चार पाङ्ग्रे, दुई पाङ्ग्रे) |
| **खुल्ने सेवाहरुः**<br>• अत्यावश्यक सार्वजनिक सेवा (स्वास्थ्य, सुरक्षा, संचार, विद्युत, खानेपानी आदि)<br>• बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम स्वास्थ्य मापदण्ड पूर्ण रुपमा लागू गरी संचालन गर्ने)<br>• सरकारी कार्यालय सिमित कर्मचारीहरुबाट मात्र संचालन गर्ने | **नखुल्ने सेवाहरुः**<br>• अत्यावश्यक बाहेकका नियमित सेवाहरु<br>• सामाजिक संघसस्थाका कार्य तथा सेवाहरु<br>(स्वास्थ्य सुरक्षा बाहेक) |
| **खुल्ने व्यवसायहरुः**<br>• औषधी तथा औषधीजन्य पसल (२४ सै घण्टा खुल्ला रहने)<br>• पेट्रोल पम्प<br>• खाद्यान्न, फलफूल, तरकारी, दुध/डेरी, ग्याँस पसल<br>(विहान ७:०० बजे देखि १०:०० बजे सम्म) | **नखुल्ने व्यवसायहरुः**<br>• होटल तथा रेष्टुरेन्ट, ब्युटीपार्लर, कपडा पसल, सैलुड, जिमखाना, सुनचाँदी, टेलरिङ, फुटपाथ पसल, शैक्षिक संस्था, ट्युसन सेन्टर, पार्टीप्यालेस, स्टेशनरी लगायतका नियमित सेवाहरु<br>• उद्योग कलकारखाना |

**समुदाय तथा व्यक्तिहरुले अनिवार्यरुपमा पालना गर्नु पर्नेः**

- विबाह, ब्रतवन्ध, न्वारन, मृत्यु संस्कार लगायतका संस्कारजन्य कार्यक्रममा अनिवार्य रुपमा स्वास्थ्य सुरक्षाका मापदण्ड पालना र भौतिक दूरी कायम गरी बढीमा १५ (पन्ध्र) जनामा सिमित भई निजी घरमा नै सम्पन्न गर्ने, डी.जे. तथा व्याण्ड बाजा नबजाउने ।
- औषधी उपचार एवं अत्यावश्यक कार्यमा बाहेक घर बाहिर ननिस्कने निस्किनै पर्दा अनिवार्य रुपमा मास्क लगाउने, समुहमा नहिड्ने र भौतिक दूरी कायम गर्ने ।
- मठ मन्दिरहरुमा पुजारीले नित्य पुजा बाहेक अन्य सामूहिक पुजा तथा बलि दिन बन्द गर्ने, कुनै मेला महोत्सव नगर्ने ।
- हाटबजार नलगाउने, खेलकुद प्रतियोगिता नगर्ने, सार्वजनिक स्थलमा जम्मा नहुने, भिडभाड नगर्ने ।

Roab

२०७८/१/२१

आज मिति २०७८/०१/२१ गते मंगलबारका दिन प्रमुख जिल्ला अधिकारी श्री सुरेश न्यौपानेज्यूको अध्यक्षतामा नेपाल सरकार (मन्त्रिपरिषद्को निर्णयानुसार) कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरु प्रभावकारी ढङ्गले गर्नको लागि गठित District Covid-19 Crisis Management Center संरचनाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | - श्री सुरेश न्यौपाने | - अध्यक्ष |
| सहायक प्रमुख जिल्ला अधिकारी | - श्री ऋद्धि प्रकास सिटौला | - सदस्य |
| प्रमुख सेनानी | - श्री विजय थापा | - सदस्य |
| प्रहरी उपरीक्षक | - श्री गोविन्द थपलिया | - सदस्य |
| सशस्त्र प्रहरी नायव उपरीक्षक | - श्री नारायण प्रसाद पौडेल | - सदस्य |
| जिल्ला समन्वय अधिकारी | - श्री डिग बहादुर कार्की | - सदस्य |
| प्रमुख अनुसन्धान अधिकृत | - श्री निर्मल पौडेल | - सदस्य |
| मे.सु., सिन्धुली अस्पताल | - डा. उमेश प्रधान | - सदस्य |
| जनस्वास्थ्य अधिकृत | - श्री जितेन्द्र कुमार शाह | - सदस्य |
| सभापति, नेपाल रेडक्रस सोसाईटी, सिन्धुली | - श्री अशोक श्रेष्ठ | - सदस्य |

## विशेष आमन्त्रित

माननीय श्री प्रदिप कटुवाल, ने.क.पा. (एमाले) जिल्ला अध्यक्ष एवं प्रदेश सभा सदस्य

माननीय श्री लेखनाथ दाहाल, ने.क.पा. (माओवादी केन्द्र) जिल्ला अध्यक्ष एवं प्रदेश सभा सदस्य

माननीय श्री विनोद खड्का, प्रदेश सभा सदस्य

जिल्ला समन्वय प्रमुख श्री शंकरराज वर्मा तिवारी, जिल्ला समन्वय समिति, सिन्धुली ।

नगर प्रमुख श्री खड्ग बहादुर खत्री, कमलामाई नगरपालिका, सिन्धुली ।

श्री उज्वल बराल, सभापती, नेपाली कांग्रेस

श्री दीर्घ राज श्रेष्ठ, जनता समाजबादी पार्टी

श्री शुक बहादुर विशंरवे राष्ट्रिय प्रजातन्त्र पार्टी

अध्यक्ष श्री प्रल्हाद पोखरेल, सिन्धुली अस्पताल विकास समिति, सिन्धुली ।

श्री विरवल चौधरी, महासचिव, उद्योग बाणिज्य संघ, सिन्धुली ।

श्री कृष्णहरि घिमिरे, अध्यक्ष, नेपाल पत्रकार महासंघ

प्र.ना.नि. श्री कृष्ण बहादुर क्षेत्री, जिल्ला ट्राफिक प्रहरी कार्यालय, सिन्धुली ।

श्री दुर्गा पौडेल, रिलिफ नेपाल

श्री दिपक घिमिरे, सिड्स नेपाल -

श्री उपेन्द्र राय यादव, नेपाल टेलिकम,

श्री राजकुमार पाण्डे, वि.पी. यातायात

श्री शिव बहादुर बस्नेत, सुनौलो वि.पी. यातायात

श्री सूर्य श्रेष्ठ, सिन्धुली ट्रक व्यवसायी संघ

श्री अनिल भण्डारी, कोषाध्यक्ष पत्रकार महासंघ

श्री सिताराम पहाडी, महासचिव होटल व्यवसायी संघ